म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८४ बुधबार, ६ फागुन २०८२ ने. सं. ११४६ सिल्लागा 18 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।**

☞ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिवार हुँदैछ ।
☞ मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
☞ निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
☞ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'प्रदेशसभाको गतिविधि जनतासमक्ष लैजान राससको महत्वपूर्ण भूमिका'

## प्रदेशसभा रासससँग सहकार्य गर्न तत्पर छ: उपसभामुख चापागाई

मनिल महतो

हेटौंडा, ५ फागुन/ बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले प्रदेशसभा राष्ट्रिय समाचार समिति (रासस) सँग सहकार्य गर्न तत्पर रहेको बताएकी छिन् ।

राष्ट्रिय समाचार समिति (रासस) को ६५ औं वार्षिकोत्सवको अवसरमा रासस बागमती प्रदेश कार्यालय हेटौंडाद्वारा मंगलबार आयोजित 'प्रदेशसभामा राससको समाचार' विषयक अन्तर्रिक्रयामा उपसभामुख चापागाईले प्रदेशसभाका गतिबिधि पारदर्शी र जनतासमक्ष लैजाने सबालमा प्रदेशसभा रासससँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताइन् । प्रदेशसभामा प्रदेशसभा सदस्यले व्यक्त गरेका जनताका आवाज, विद्येयकहरु, प्रदेशसभाका निर्णयलगायतका संसदीय गतिबिधिलाई राससले सत्यतथ्य, निष्पक्ष, तथ्यपरक र सन्तुलितरुपमा सम्प्रेषण गर्दै आएको उल्लेख गर्दै उनले प्रदेशसभामा प्रदेशसभा सदस्यको माध्यमबाट व्यक्त भएका जनताका आवाजलाई जनतासमक्ष पुऱ्याउन राससले खेल्दै आएको भूमिका प्रशंसनीय रहेको बताइन् ।

प्रदेशसभाले कानून बनाउने, सरकार निर्माण गर्ने, बजेट पारित गर्ने, जनताका बिचार व्यक्त गर्ने र सरकारलाई जिम्मेवार बनाउने काम गर्दै आएको उनले बताइन् । उपसभामुख चापागाईले प्रदेशसभाबाट पारित विधेयक, नीतिगत छलफल, दफावार छलफल र संसदीय गतिबिधिलाई पारदर्शी रुपमा दस्ताबेजीकरण गर्ने सबाल रासससँग समन्वय र सहकार्य गर्न प्रदेशसभा प्रतिबद्ध रहेको बताइन् । लामो समयदेखि प्रदेशसभाको बैठक बस्न नसक्दाँ प्रदेशसभाप्रति निराशा बढेको बताउँदै उनले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचन सकिएलगत्तै प्रदेशसभाको बैठक बस्नेगरी तयारी भइरहेको जानकारी दिइन् ।



कार्यक्रममा प्रदेशसभा सदस्य तथा नेकपा एमाले संसदीय दलका प्रमुखसचेतक एकालाल श्रेष्ठले प्रदेशसभाका सकारात्मक कुरासँगै राससले प्रदेशसभा र प्रदेशसभाका लागि आलोचनात्मक सुझाव दिने समाचार सम्प्रेषण गर्नुपर्ने सुझाव दिइन् । 'प्रदेशसभाले के गऱ्यो भने कुराहरु जनताले जानुपर्छ, यी कुराहरु राससले सत्यतथ्य, सन्तुलित र विश्वसनीय तरिकाले लगिरहेको पनि छ', उनले भने, 'त्यो सँगै लामो समयदेखि प्रदेशसभाको सभामुख चयन हुन नसकेको, सरकारले सभालाई बिजनेश दिन नसकेको र विद्येयकको विषयलाई राससले उठाउनुपर्छ ।'

सञ्चारमाध्यममा आउने एउटा गलत सूचनाले समाजमा ठूलो दुर्घटना हुन सक्ने जोखिम रहेको उल्लेख गर्दै उनले अहिले सामाजिक सञ्जालका कारण गलत सूचना प्रवाह भइरहेकाले राससजस्ता सञ्चारमाध्यमले सकारात्मक सन्देश प्रवाह हुनेखालका समाचार सम्प्रेषण गर्नु आवश्यक रहेको औंल्याए । कार्यक्रममा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी (छिन्तु) ले प्रविधिको विकाससँगै राससले पनि अफ्ना सेवाहरु थप्दै जानु सकारात्मक भएको चर्चा गर्दै उनले राससले भ्रष्टचार, बेथितिका विरुद्ध निष्पक्ष समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिएका छन् ।

उनले प्रदेशसभामा भएका हरेक गतिबिधिलाई जस्ताको त्यस्तै जनतासमक्ष लैजानुपर्नेमा जोड दिँदै प्रदेशसभामा बोलेको कुरामा एउटा शब्द तलमाथि भए यसले भ्रम सृजना गर्न सक्ने भएकाले सत्यपरक, तथ्यपरकरुपमा सम्प्रेषण गर्नुपर्ने सुझाव दिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले बढ्दो प्रविधिसँगै सूचना छिटो दिने नाममा गलत सूचना सम्प्रेषण भइरहेको बताए । प्रदेश सरकार र प्रदेशसभालाई जनताको समस्याप्रति जिम्मेवार बनाउने ढंठबाट सत्यतथ्य, निष्पक्ष समाचार सम्प्रेषण गर्नुपर्ने उनको धारणा छ । बागमती प्रदेशसभाका सचिव रामकुमार पौडेलले प्रदेशसभाका हरेक गतिबिधिको सूचना दिन प्रदेशसभा सचिवालय प्रतिबद्ध रहेको बताए ।

प्रदेशसभाका समाचार, फोटो र भिडियोलगायत समाचार सामग्री सम्प्रेषण भइरहेकोले आगामी दिनमा राससँग थप समन्वय गरेर अघि बढ्ने उनले बताए । बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीरमण सापकोटाले प्रदेशसभामा उठेका जनताको आवाजलाई मुखरित हुने गरी राससले गहिरो रुपमा उठाउनुपर्ने सुझाव दिए । समस्या मात्र उठान गर्ने भन्दा पनि सामाजिक उत्तरदायि बहन गर्दै समस्या समाधान हुने गरी पत्रकारिता गर्नु आवश्यक रहेको उनले औंल्याए । नेपालका मिडियाहरु सहरकेन्द्रित हुदाँ गाउँघरका कुरा मिडियामा आउन नसकेको गुनासो गर्दै उनले राससले गाउँघरका आवाजविहीनका आवाजलाई गहनरुपमा समेटिनुपर्ने बताए ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारमगरले आधिकारिक, विश्वसनीय, सन्तुलित समाचार सम्प्रेषणामा राससले खेलेको भूमिका प्रशंसनीय रहेको बताए । राससले समाचार सामग्रीको गुणस्तरीयतामा सुधार ल्याउनु जरुरी रहेको उनले उल्लेख गरे । त्यसैगरी महासंघका जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले पत्रकारिता पेसा संवेदनशील भएकाले जिम्मेवारीपूर्वक पत्रकारले आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । सञ्चारक्षेत्र संकटपूर्ण अवस्थामा रहेकोले यसतर्फ सरकारले ध्यान दिनुपर्ने बताए ।

रासस बागमती प्रदेश कार्यालयका प्रमुख राजु विश्वकर्माको अध्यक्षतामा आयोजित अन्तरक्रियामा वनविज्ञान अध्ययन संस्थानका प्राध्यापक योगेन्द्र यादवले सञ्चार क्षेत्रमा राससले पुऱ्याएको योगदानबारे चर्चा गरे । राससका मकवानपुरका स्थानीय समाचारदाता रिपेश दाहालद्वारा सञ्चालित कार्यक्रममा अर्का स्थानीय समाचारदाता अञ्जली थापाले स्वागत गरेकी थिइन् ।

## खोकना विवाद सुल्झाएर द्रुतमार्गको काम अघि बढाउन प्रमको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रस्थानविन्दु खोकनाको विवाद थाती राखेर वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी छिन् ।

ललितपुरको खोकनामा धार्मिक-सांस्कृतिक सम्पदा तथा आस्थामा असर पर्ने भन्दै स्थानीय समुदायबाट चासो व्यक्त भइरहेको सन्दर्भमा प्रधानमन्त्री कार्कीले यस्तो निर्देशन दिएकी हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा उनले आयोजनालाई गतिदिन वैकल्पिक मार्गको विकल्प अघि सारिन् । यसअघि गत माघ १३ गते प्रधानमन्त्री कार्कीले निर्माणाधीन द्रुतमार्गको निरीक्षण भ्रमण गरेकी थिइन् । त्यसक्रममा उनले विकास निर्माणका काम गर्दा स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्ने बताइन् ।

सुरुविन्दु परिवर्तन गरेर भएपनि राष्ट्रिय गौरवको यो आयोजना चाँडो सम्पन्न गर्नुपर्नेमा उनले जोड दिइन् ।

प्रधानमन्त्री कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, भौतिक पूर्वाधार तथा यातायात मन्त्री माधव चौलागाईं, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठ, प्रधानसेनापति अशोकराज सिग्देल सहित द्रुतमार्ग आयोजनासँग सम्बन्धित अधिकारी र सचिवलाई बोलाएर छलफल गरेकी थिइन् । नेपाली सेनाका तर्फबाट आयोजनाको हालसम्मको प्रगति, समस्या र सरकारसँगको अपेक्षाबारे ब्रिफिङ गरिएको थियो ।

प्रधानमन्त्री कार्कीले विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती नगर्न र विवादमा मात्र अल्झिएर नबस्न अधिकारीहरुलाई सचेत गराइन् । उनले भनिन्, 'विकास निर्माणका काममा ढिलासुस्ती गर्नुहुँदैन । सकेसम्म विवाद समाधान गर्ने हो तर, विवाद भयो भन्दैमा अनिश्चितकालसम्म त्यहीँ अल्झिनु हुँदैन । विकल्प खोजेर अघि बढ्नुपर्छ ।' प्रधानमन्त्री कार्कीले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) संशोधन गरी खोकनाको साटो कुरा मिल्ने ठाउँबाटै प्रस्थानविन्दु कायम गर्न निर्देशन दिइन् ।

ठूलो लगानीको आयोजना अनिश्चितकालसम्म लम्बिँदै गएमा आर्थिक बोझ थेग्न गाह्रो पर्नसक्ने भएकाले चाँडो सञ्चालन हुने गरी निकास खोज्नुपर्ने उनको धारणा थियो । अब प्रधानमन्त्री कार्कीको निर्देशनबमोजिम खोकनाभन्दा तल फर्सिडोलमा शुल्क संकलनगृह निर्माण गर्ने गरी डीपीआर संशोधन हुने सम्भावना देखिएको छ ।

## सेतो कपडा बेरिएको शंकास्पद वस्तु फोहोरको थुप्रो भएको पुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ मकवानपुरको हटियामा सेतो कपडाले बेरिएको शंकास्पद वस्तु फेला परेको छ । हेटौंडा उपमहानगरपालिका-१६ चिसापानीस्थित धरान-चतरा सडकखण्डको बीचभागमा सेतो कपडाले बेरिएको र बाहिरपट्टि 'खतरा' लेखिएको शंकास्पद वस्तु फेला पारेको हो ।

मंगलबार बिहान करिब ५:१५ बजेको समयमा अस्थायी प्रहरी पोष्ट हटिया मकवानपुरबाट खटिएको प्रहरी मोटरसाइकल गस्तीटोलीले गस्ती गर्ने क्रममा शंकास्पद वस्तु फेला पारेको थियो । यो वस्तु देखिएपछि प्रहरीले तत्काल सुरक्षा सतर्कता अपनाउँदै सम्बन्धित निकायसँग समन्वय गरेको थियो । सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुर, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको बम डिस्पोजल टोली घटनास्थल पुगेको थियो ।

नेपाली सेनाको गोरखबहादुर गण र कालिप्रसाद गणबाट खटिएको बम डिस्पोजल टोलीले प्राविधिकरुपमा परीक्षण तथा डिस्पोजल गरेपछि यो वस्तुमा कुनैपनि विस्फोटक पदार्थ नरहेको बताएको थियो । डिस्पोज गरिएको वस्तु फोहोरको थुप्रो मात्र भएको नेपाली सेनाले जनाएको छ ।

## रेडियो थाहासंचारको सप्ताहव्यापी कार्यक्रममा श्रोतामिलन



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ विन्दवासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेगाहर्ज हेटौंडाले मंगलबार श्रोतामिलन कार्यक्रमको आयोजना गरेको छ ।

रेडियोले १८ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत मंगलबार रेडियो परिसरमा श्रोतामिलन कार्यक्रमको आयोजना गरेको हो । रेडियोको स्टेशन म्यानेजर गोकुल अधिकारीको सभाध्यक्षता भएको कार्यक्रममा आआफ्नो धारण राख्दै रेडियो श्रोता समूह मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, निवर्तमान अध्यक्ष असिम अधिकारी, हर्क घलान, अभिलासी खड्का, प्रकाश राई, सीताराम नेपाल, तेजबहादुर लामिछाने, गीता बजगाईं, रमेश रंजन, दीलिप लामा र मोहनबहादुर बतौलालगायतले रेडियो थाहासंचारका कारण आफूहरु जोडिन पाएको र एकताबद्ध हुन पाएको भन्दै रेडियोको प्रशंसा गरेका थिए ।

कृष्णउदास खनालले सहजीकरण गरेको कार्यक्रममा आरती अधिकारीले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने वार्षिकोत्सवका विषयमा राजन घिमिरेले प्रकाश पारे । रेडियोका स्टेशन म्यानेजर अधिकारीले रेडियोका लागि श्रोता सदैव भगवानसरह हुने भएकाले श्रोताले दिएका सुझाव अनुसार नै अगाडि बढ्दै जाने बताए । अहिले रेडियोको आर्थिक अवस्था कमजोर भएपनि आफूहरु श्रोताको चाहना पूरा गर्नका लागि अनवरतरुपमा लागिरहने प्रतिबद्धता जनाए । फागुन ६ गते हेटौंडा ऐकेडेमीको सहकार्यमा बालसाहित्य कार्यक्रम र फागुन ७ गते थाहा वर्ष सम्मान तथा समापन समारोह हुने जनाइएको छ ।




**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# खर्च व्यवस्थापनमा आयोग

बिगतका वर्ष भएका निर्वाचनमा कमिशनका लागि राज्यको ढुकुटीबाट आनावश्यक खर्च गरेर सामग्री किन्ने चलन थियो । आफूलाई कमिशन आउने भएपछि चाहिने नचाहिने सबै सामग्री खरिद गर्ने प्रबृत्तिले राज्यकोषले थेग्नै नसकिने भार बोक्नु परिरहेको थियो । काम चलाउन मिल्ने सामग्री थन्क्याएर नयाँ खरिद गर्दा निर्वाचन कार्य निक्कै महँगो बन्दै गएको थियो । तर, यो वर्ष भने आयोगले पुराना तर, प्रयोगमा आउने सामग्रीलाई पुनः प्रयोग गर्ने भएको छ । मकवानपुरमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गर्दै तयारी तीव्र पारिएको छ । प्रदेश निर्वाचन कार्यालय हेटौंडाले विगतका निर्वाचनमा प्रयोग भएका मतपेटिकालाई पुनःप्रयोगमा ल्याउने प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए । मतपेटिका सफाइ, मर्मत तथा प्राविधिक परीक्षणको कार्यलाई अन्तिमचरणमा पुऱ्याइएको छ । प्रदेश निर्वाचन कार्यालय परिसरमा कर्मचारीहरु पुराना मतपेटिका धुने, सुकाउने, आवश्यक भाग मर्मत गर्ने तथा ताला-सिल परीक्षण गर्ने कार्यमा व्यस्त छन् । स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खर्च व्यवस्थापनलाई ध्यानमा राखी पुनः प्रयोगयोग्य सामग्रीलाई प्राथमिकता दिइएको हो ।

निर्वाचन कार्यालयका अनुसार एक मतदान केन्द्रमा कम्तिमा ५२ प्रकारका सामग्री आवश्यक पर्छन् । ती सामग्रीलाई केन्द्रअनुसार छुट्टाछुट्टै प्याकेजिङ गरी सूचीबद्धरुपमा तयार पारिँदैछ । प्रत्यक्षतर्फ ४३ लिटर र समानुपातिकतर्फ ८५ लिटर क्षमताका दुई मतपेटिका प्रत्येक मतदान केन्द्रमा पठाइने छन् भने एक जगेडासहित तीनवटा मतपेटिका व्यवस्था गरिएको छ । यसका अतिरिक्त मतपत्र, मतदाता नामावली, छाप, स्ट्याम्प प्याड, रजिस्टर, फाराम, गोपनीयता पर्दा, सुरक्षा सिल, ट्याग, मसी, स्टिकर, मतदानकक्ष संकेत बोर्ड, निर्देशन पुस्तिकालगायत सामग्री क्रमशः तयारी अवस्थामा रहेको कार्यालयले जनाएको छ । मतदानको दिन कुनै सामग्री अभाव नहोस् भन्ने उद्देश्यले प्रत्येक केन्द्रका लागि आवश्यक सामग्रीको पुनःजाँच (क्रसचेक) गरिने व्यवस्था मिलाइएको छ । निर्वाचन आचारसंहिता पूर्णरुपमा कार्यान्वयन भइरहेको र हालसम्म कुनै गम्भीर उजुरी नआएको बताइएको छ । निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसार, सार्वजनिक सभा, जुलुस, सामाजिक सञ्जाल प्रयोग, खर्चविवरण तथा अन्य गतिविधिमाथि विशेष निगरानी राखिएको छ । आचारसंहिता उल्लङ्घनसम्बन्धी सूचना प्राप्त भएमा तत्काल छानबीन गरी आवश्यक निर्देशन वा कारबाही गर्ने संयन्त्र सक्रिय अवस्थामा छ । निष्पक्ष, स्वच्छ र मर्यादित निर्वाचन सम्पन्न गराउन आयोग पूर्णप्रतिबद्ध छ । प्रदेश निर्वाचन कार्यालयले जिल्लाका सबै स्थानीय तह, निर्वाचन फोकल पर्सन, प्रशासन तथा सुरक्षा निकायसँग दैनिक समन्वय बैठक गर्दै अनुगमनकार्य अघि बढाइरहेको जनाएको छ । मकवानपुरका १७६ मतदानस्थलअन्तर्गत् ३७४ मतदान केन्द्रमा स्वयंसेवकसहित तीन हजार ३६६ कर्मचारी परिचालन गरिने छन् । निर्वाचनअवधिभर दुई हजार २४४ कर्मचारी र एक हजार १२२ जना स्वयंसेवक खटिने छन् । प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृतसहित आयोगबाट छ जना कर्मचारी खटाइनेछन् । मतदानस्थलमा तीनजना स्वयंसेवक परिचालन गरिने व्यवस्था गरिएको छ । जनशक्ति व्यवस्थापनको कार्य अन्तिमचरणमा पुगेको र खटाइने कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको छ ।

निर्वाचन शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन करिब चार हजार २०० सुरक्षाकर्मी परिचालन गरिने तयारी गरिएको छ । सुरक्षा निकायले संवेदनशीलक्षेत्रमा विशेष निगरानी, नियमित गस्ती तथा प्रचारप्रसार गतिविधिको अनुगमन गर्ने जनाएको छ । जिल्लामा कुल १६७ मतदानस्थलमध्ये १९ अतिसंवेदनशील, ६० संवेदनशील र ८८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । अतिसंवेदनशील सूचीमा २६ मतदान केन्द्र परेका छन् । बकैया गाउँपालिकामा पाँच मतदानस्थल अतिसंवेदनशील रहेका छन् भने राक्सिराङ, बागमती, भीमफेदी, मनहरी र कैलाश गाउँपालिकाका केही स्थल पनि यो सूचीमा समावेश छन् । संयुक्त अनुगमन टोलीले मतदानस्थलको भौतिक अवस्था, पहुँचमार्ग, सञ्चार सम्पर्क, मतदानकक्ष व्यवस्थापन तथा सुरक्षा संवेदनशीलताको मूल्यांकन गरिसकेको छ । भीमफेदीको एक मतदानस्थलमा सडक पहुँच नभएकाले पैदलमार्ग प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल तीन लाख १५ हजार ३३४ मतदाता रहेका छन् । मतदाता शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तह र सरोकारवाला निकायमार्फत् सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । आयोगले स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण तयारी अन्तिमचरणमा पुगेको जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ७ गते बिहीबार १९ फेब्रुअरी २०२६ । द्वितीया, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:४० सूर्यास्त ५:५७ । राष्ट्रिय प्रजातन्त्र दिवस । निर्वाचन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# नागरिक शिक्षा: जेनजीलगायत सबैको चाहना



✍रमेशप्रसाद गौतम

राजनीति आदर्श नीति हो भन्दाभन्दै पनि राजनीतिसित छल-नीति र ढाट खेलको परिपूरक बन्दै आएको सन्त्रासले आजको विश्व भयभित बन्न लागेको छ । राजनीतिसँगै लोकतन्त्र गाँसिएर आउने कुरा हो । खुला राजनीतिमा लोकतन्त्र मौलाउँछ । लोकतन्त्रमा राजनीतिक दलहरू अपरिहार्य हुन्छन् । दलीय व्यवस्थामा राजनीतिक पार्टी समाजका चेतनशील नागरिकहरूको संगठित समूह, जसले आफ्नो उद्देश्य तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि राज्यको शक्ति प्राप्त गर्न खोज्छ । यसका लागि निर्वाचनमा दलहरूबीच प्रतिस्पर्धा हुन्छ । र, ती दलहरूमध्ये जुन दलले संसद्मा बहुमत ल्याउँछ सोही दलको हातमा राज्यको सत्ता र शक्ति जाने हुन्छ । त्यसैले राजनीतिक प्रक्रिया अघि बढाउने, जनतालाई प्रशिक्षित गरी जागरण गराउने, राजनीतिक सहभागिता बढाउने, राजनीतिक संस्कृतिको विकास गर्ने र समाजमा सबैसँग मिलेर सहयोग लिन-दिन सिकाउने शिक्षा नागरिक शिक्षा भएकाले यसको अध्ययन अपरिहार्य छ ।

हुन त संसदीय व्यवस्थाको जननी भनेको नै बेलायत हो । अठारौँ शताब्दीदेखि बेलायतमा टोरी र हिवग दलहरू देखा परे । यही बेलादेखि राजनीतिक दलको विकास भएको भनिन्छ । पछि कन्जरभेटिभ र लिवर पार्टीको नामले दलीय व्यवस्था सञ्चालन हुँदै आएको छ । अमेरिकामा पनि नाम चलेको दुई पार्टीमध्ये रिपब्लिक पार्टी र बेलायतको कन्जरभेटिभ पार्टी एकै प्रकृतिका हुन् भन्ने पनि गरिन्छ । उन्नाइसौँ शताब्दीको अन्त्यदेखि मार्क्सवादको प्रभाव देखा पर्न थाल्यो । बीसौँ शताब्दीको आरम्भमा अक्टोबर क्रान्ति भयो अनि क्रमैसँग संसारका कतिपय देशमा कम्युनिस्ट दलहरू खुल्न थाले । साम्यवादी राजनीतिक प्रभाव बढ्नुको कारण गरिबी र अभाव नै थियो । युरोप, अमेरिका लगायतका देशहरूमा पूँजीवादको प्रभाव र उदार प्रजातन्त्रको थालनी हुन थाल्यो ।

नेपालमा २००७ सालसम्म जहानिया राणाशासन थियो । यसै बीचमा पनि केही चेतनशील नागरिकबाट राणाशासनविरुद्ध आवाज उठाउन भूमिगत संगठन हुँदै थियो । वि.सं. १९९३ मा टंकप्रसाद आचार्यले नेपाल प्रजापरिषद् नामक दल खोलेका थिए । यो राणाशासन विरुद्धको पहिलो संगठित दल थियो । यस दलले पनि जनजागरणमा बल पुऱ्याउँदै आएको थियो । यसै बीचमा नेपाली कांग्रेस दलको उदय भयो । यसले २००७ सालको क्रान्तिको उद्घोष र आन्दोलन छेड्यो, जसले गर्दा २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको उद्घोष भयो । अहिलेसम्म २००७ साल फागुन ७ गतेलाई प्रजातन्त्र दिवसका रूपमा भव्य रूपले मनाउने प्रचलन कायम रहँदै आएको छ ।

नेपालमा राजनीतिक व्यवस्थाको परिवर्तन पटक-पटक भयो । जस्तै- २००७ सालपछि २०१७ मा जननिर्वाचित लोकप्रिय नेता बी.पी.को नेतृत्वमा संसद्को दुई तिहाइ बहुमतबाट गठन भएको सरकारलाई राजा महेन्द्रको शाही कदमबाट कू हुन पुग्यो । निर्दलीय निरंकुश शासन ३० वर्षसम्म चल्यो । पछि २०४६ सालको वीर गणेशमानको नेतृत्वमा भएको जनआन्दोलनले उक्त निरंकुश व्यवस्थाको अन्त्य भई पुनः प्रजातन्त्रको स्थापना भयो । यही खुला व्यवस्थाको फाइदा उठाउँदै माओवादी द्वन्द्वले भयावह रूप लियो र २०६३ सालमा फेरि देशको राजनीतिक व्यवस्थामा फेरबदल ल्यायो । यसरी जति व्यवस्था बदलिए पनि नेपाली जनताको दुःख र अवस्था बदलिन सकेन । भ्रष्टाचार र अनियमितताले शिखर चुम्न थाल्यो भनी जेनजी पुस्ता सुशासन र भ्रष्टाचारविरुद्ध नारा लगाउँदै विद्रोहमा उत्रियो । अहिले जेनजीको मागमा अन्तरिम सरकार गठन भई आउँदो २१ गते निर्वाचन मिति तोकिएको छ ।

चुनावको मिति नजिकिँदै छ । विभिन्न राजनीतिक दलहरू आफ्नो चुनावी घोषणापत्र लेखन व्यस्त छन् भने कतिपयले तयार गरिसकेका कुरा सुन्नमा आइरहेका छन् । चुनावी घोषणापत्रमा राजनीतिक दलहरूबाट आफ्ना दर्शन, उद्देश्य, विचार, नीति, कार्यक्रम र प्रतिबद्धता स्पष्टरूपमा मतदातासम्म पुऱ्याउने प्रयास भइरहेको देखिन्छ ।

संविधानसभामार्फत बनेको संविधान लोकतान्त्रिक, गणतान्त्रिक, उदार बहुलवादी, संघीय, समावेशी, धर्म निरपेक्ष अधिकार सम्पन्न भए तापनि जनगुनासोबाट विमुख भने हुन सकेको छैन । सार्वभौम सम्पन्न र अधिकारमैत्री संविधान भएर पनि केही राजनीतिक दलका साथै महिला, मधेसी, जनजाति, दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संविधानप्रति केही न केही गुनासो सुन्नमा आई नै रहेको छ । अझ ठूलो ओमकार समुदायका नागरिकहरूले धर्म निरपेक्षका विरुद्धमा घनिभूत आवाज उठाई नै रहेका छन् । यसरी संविधान संशोधनका आवाजहरू धेरै दिशाबाट उठिरहेका छन् । जेनजी आन्दोलनपछि पनि जेनजी पुस्ताले संविधान संशोधनको माग गर्दै आएका छन् । यस संविधानमा नागरिक सर्वोच्चता नागरिक अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायालय, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, विधिको शासन, मानवअधिकारजस्ता लोकतन्त्रका आधारभूत सिद्धान्तलाई अंगिकार गरिएको छ ।

यत्रो उद्देश्य बोकेर आएको संविधानलाई अपेक्षाकृत डेलिभरी गर्न भने सकिरहेको छैन । यसर्थ आवश्यक संविधानमा सुधार गरी लोकतन्त्रका रूपमा रूपान्तरण गर्न जरुरी देखिन्छ । शासकीय आराजकताले जनतामा दिग्भ्रमित तुल्याउँछ । साथै राजनीतिक अस्थिरता, भ्रष्टाचार, अनियमितता आदिले जनमानसमा विद्रोह उब्जाइदिन्छ । पटक-पटक भएका हाम्रा देशभित्रका आन्दोलन उदाहरणका रूपमा छन् । २०८२ भदौको जेनजी आन्दोलन पनि यसको उदाहरण हो । यस्तै सन् १९८६ को फिलिपिन्समा शासक मार्कोसविरुद्ध भएको पिपुल पावर रिभोलुसन पनि चार दिनमै सफल भयो । सन् २०२४ को वंगलादेशमा भएको आन्दोलनले शेख हसिना नेतृत्वको सरकार नराम्रोसँग ढल्यो । उनले देशै छाडेर जानुपऱ्यो । देशमा भ्रष्टाचारले उग्ररूप लियो भने हरेक शासकको त्यही गति हुने ऐनाझैँ स्पष्ट छ ।

जति परिवर्तन र सुधारका कुरा गरे पनि देशको अवस्था बदल्न सकिएन भन्ने गुनासो रहिरह्यो । आफ्नो ठाउँको भूगोल, प्राकृतिक संरक्षण, ऐतिहासिक सम्पदाप्रतिको मोह पनि बढाउन सकिएन । थातथलो, आफ्नो सामाजिक मूल्य-मान्यता, परम्परा, संस्कृतिप्रतिको मोह बढाउँदा गाउँ, समाज, प्रदेश, देशप्रतिको पनि माया बढाउन असल शिक्षाको माध्यमको खोजी हुन सकेन । स्थानीय तहदेखि केन्द्रीय तहसम्मका शासकीय स्वरूपमा विधिको शासन अवलम्बन हुन सकेन ।

विधिको शासन गर्न, मर्यादा पालन गर्न, पर्म-मेलापात जाँदा मिलेर काम गर्न यी सबैको ज्ञान दिलाउने काम नागरिक शिक्षाले नै हो । विधिको शासनदेखि राजकाज, घर, समाज, कार्यालय, अड्डा-अदालत, विद्यालय आदिमा रहँदा सबैको साथ-सहयोगबाट नै काम सफल गर्न सकिने हो । यसमा शिक्षामध्येको नागरिक शिक्षाको ठूलो भूमिका हुने हुँदा यसलाई पाठ्यक्रमको सबै तहमा समावेश गरिनु अति आवश्यक छ ।

नेपालको कुरा गर्ने हो भने, यहाँ राजनीतिक सुधारका नाममा थुप्रै आन्दोलन भए । गत भदौ २३ गतेको जस्तो दुःखद घटनाचाहिँ बिर्सनै सकिँदैन । यो आन्दोलन जेनजीका नाममा भएको थियो । त्यस दिनको आन्दोलनमा केही घण्टामै १९ जना कलिला केटाकेटीको निर्ममतापूर्वक गोली हानी हत्या गरियो । यस आन्दोलनले देशभर नै उथलपुथल ल्यायो र २४ घण्टामै सरकार ढल्यो । आन्दोलनका क्रममा हुनै नहुने काम पनि भए । देशको सर्वोच्च प्रशासकीय भवन सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायत थुप्रै सरकारी भवन तथा व्यक्तिका घरहरू ध्वस्त भए । त्यही आन्दोलनको जगमा गठन भएको सरकारले यही फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने घोषणा गऱ्यो । तदनुसार आम नागरिक आज चुनावमा होमिएका छन् । यस चुनावमा नागरिकले सही प्रतिनिधि चुन्न भने सक्नुपर्छ । विगतमा झैँ जस्तोसुकै पात्रलाई पनि चुनेर पठाउने प्रवृत्तिबाट मुक्त हुन भने जरुरी छ । यसका लागि नागरिक चेतनाको खाँचो देखिन्छ । मतदाता शिक्षा हरेक टोल, गाउँमा पुऱ्याउनुपर्छ । नागरिकमा यस्तो चेतना जगाउन नागरिक शिक्षा नभई हुँदैन । नागरिक शिक्षाकै ज्ञानबाट निर्वाचन प्रक्रिया र कुशल प्रतिनिधि छान्ने उपायको खोजी सिकिन्छ । सही प्रतिनिधिको प्रतिनिधित्वबाट नै जेनजीलगायत नागरिकहरूको चाहना पूर्ति हुने र विधिको शासन एवं प्रजातन्त्रको स्थायित्व हुने आशा गर्न सकिन्छ ।

नेपालमा राजनीतिक आन्दोलन धेरै भए । संविधान पनि पटक-पटक फेरिँदै आयो । शासकीय प्रणालीसमेत फेरिँदै लामो समयदेखि प्रयोगशालाझैँ बन्दै आएको छ । अहिले संघीयताको आवश्यकता र औचित्यका सम्बन्धमा पनि विवाद र बहस चली नै रहेको सुनिन्छ । संविधान जारी भएको लामो समयसम्म पनि पूर्णरूपले लागू हुन सकिरहेको छैन । यसरी समयमै समुचित तरिकाले संघीयता, गणतन्त्र चल्न नसकेको कारणले समाजमा नकारात्मक टिप्पणी भई नै हरेका छन् । यो संविधान, संघीयता स्वदेशीभन्दा विदेशीबाट निर्देशित भन्ने भाष्य यदाकदा सुन्नमा आइरहेको छ । तथापि जनताका प्रतिनिधिमार्फत संविधानसभाबाट निर्मित संविधान भएकाले समयसापेक्ष सुधार गरी वर्तमान संविधानको भावना र संघीयतालाई आत्मसात् गरेर प्रदेश एवं स्थानीय सरकारलाई अधिकार तथा स्रोत-साधन सम्पन्न गराई प्रभावकारी प्रणालीमा रूपान्तरण गरिनुपर्छ ।

अहिले चुनाव नजिकिँदै छ । दलहरूले सत्तामा रहँदा जनताका पीर-मर्का बुझ्न सक्छन् कि सक्दैनन् भनी हामीले प्रश्न गर्ने बेला आएको छ । तिनले घोषणा गरेका विगतदेखिका राजनीतिक घोषणापत्रका औचित्य, उद्देश्य र प्रतबद्धताको पुनरावलोकन गरी निचोडमा पुग्नु सान्दर्भिक ठहर्छ । विगतका राजनीतिक दलका क्रियाकलाप, मूल्याङ्कन गर्दा दलहरूको भरोसा गर्ने ठाउँ कमजोर देखिएको छ । अब दलहरूले व्यक्तिगत दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थमा लाग्नुपर्ने हुन्छ । सबै दलका घोषणापत्रमा राष्ट्रिय हित र अन्तर्राष्ट्रिय नीतिका सम्बन्धमा ऐक्यबद्धता हुनु जरुरी छ । दलबाट प्रस्तुत राजनीतिक एजेन्डाको दृष्टिकोण सर्वसाधारणले स्पष्टसँग बुझ्ने हुनुपर्छ । घोषणापत्रमा स्पष्ट भिजन र समाधानका ठोस मार्गचित्र उल्लेख हुनुपर्छ ।

हुन त स्वस्थ राजनीतिको सारवस्तु चुनाव जित्नु मात्र नभएर राजनीति, राज्य र राजकाजमा नागरिक सहभागिता एवं नागरिक उत्तरदायी र जिम्मेवार बनाउनु हो । लोकतन्त्रमा विधि र नीतिविना चल्न सकिँदैन । सत्यको पक्षमा उभिनु नै लोकतन्त्रको सुन्दर पक्ष हो । चुनाव केवल होहल्ला र भ्रममा खेती गर्नेलाई फाइदा उठाउने हुनुहुँदैन । नागरिकमा चेतना भए भ्रमका सपना बाँड्ने र चुनावमा प्रोलोभन देखाउनेहरू सफल हुन सक्तैनन् । नागरिक चेतना जगाउन समाज र राष्ट्रप्रति नागरिकले दायित्वबोध गर्नुपर्छ । कसैमाथि भेदभाव नगर्ने, सबैमा सम्मानजनक व्यवहार गर्ने, पेसागत नैतिकता र आचरणको पालना गर्ने असल नागरिकका गुण हुन् । असल नागरिकका गुणहरूका सम्बन्धमा विचार गर्दा विद्यालय शिक्षा राष्ट्रिय उद्देश्यसँग पनि जोडिएको छ । असल स्वभाव र चालचलन असल नागरिकमा पाइन्छ । राष्ट्रप्रति मोह राख्ने स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने जिम्मेवार नागरिक तयार गर्ने शिक्षा नै नागरिक शिक्षा हो ।

नागरिक चेतनाविना नागरिक समाज अघि बढ्न सक्दैन । नागरिक चेतना विकासका लागि घर, परिवार, समुदाय, नागरिक समाज र मिडियासमेतले सकारात्मक भूमिका खेल्नुपर्ने हुन्छ । अब हाम्रा राजनीतिक दलले पनि बुझ्नुपर्छ-जस्तो बीउ रोप्यो उस्तै फल फल्छ । राजनीतिक नेताहरूले आफ्ना घर, परिवार, समुदाय, कार्यकर्ताहरूमा सही चेतना र सही आचरण पालना गरेमा तदनुरूप कार्यकर्ता एवं समुदायले पनि परिपालना गर्ने हुन्छ । तर यस किसिमको व्यवहार हाम्रा राजनीतिक नेतृत्वहरूबाट नदेखिएकाले नै समाजमा अराजनीति, दण्डहीनता र कुशासन मौलाउन खोजेको हो । यसर्थ नागरिक चेतना विकास र सभ्य नागरिक निर्माणका लागि सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारीबोध गर्नु जरुरी छ । यसका लागि विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म नागरिक शिक्षालाई पाठ्यक्रममै शिक्षाको अभिन्न अंगका रूपमा स्वीकार गरी अपरिहार्य ठानिनुपर्छ । *(साभार: न्यूज अफ नेपाल)*

# निर्वाचन र सूचनाको चक्रव्यूह

✍डा. भूमिराज चापागाईं

आम निर्वाचन लोकतन्त्रको त्यो आधार शिला हो, जहाँ तपाईं-हामीजस्ता नागरिकले आफ्नो मताधिकार प्रयोग गरेर आगामी पाँच वर्षका लागि देशको भविष्य कोर्नका लागि प्रतिनिधि छान्ने अवसर पाउँछौँ । निर्वाचनलाई स्वतन्त्र, भयरहित र कुनै पनि दबाब वा प्रभावमुक्त बनाउनु नै लोकतन्त्रको वास्तविक मर्म हो । तर, अघिल्ला निर्वाचनहरू सम्झनुहोस् त? त्यतिबेला 'मसल' (शक्ति) र 'मनी' (पैसा) नै मुख्य चुनौती हुन्थे । कसले कति खर्च गर्यो वा कहाँ धाँधली भयो भन्ने चिन्ता हुन्थ्यो ।

तर आज, समय बदलिएको छ । अहिले तपाईंको खल्तीमा रहेको मोबाइल फोनमा आउने एउटै 'म्यासेज' (सूचना) निर्वाचनका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ । अब मनी र मसलका अलावा भ्रामक म्यासेज ठूलो चुनौती बन्नेवाला छ । हाम्रो सामान्य दैनिकीलाई कल्पना गरौँ । बिहान उठेर नित्यकर्म सकेसँगै तपाईं आफ्नो परिवारका सदस्यहरूसँग बसेर चिया पिउँदै हुनुहुन्छ । चुनावको समय छ । बाहिर निर्वाचनबारे कुराकानी, छलफल तथा आफ्ना-आफ्ना तर्कवितर्क चलिरहेका छन् । माइकिङ भइरहेको छ, उम्मेदवार सानो-ठूलो संख्यामा कार्यकर्तासहित भोट माग्न घरदैलोमा छन् । दलका झन्डाहरू फहराइरहेका छन् ।

तपाईं चिया पिउँदै मोबाइलमा सामाजिक सञ्जाल फेसबुक, टिकटक वा युट्युब खोल्नुहुन्छ । स्क्रिनमा अचानक एउटा सनसनीपूर्ण शीर्षक देखिन्छ- 'फलानो दलको पार्टी कार्यालयमा तोडफोड, फलानो दलका कार्यकर्ताले तोडफोड गरेको फलाना नेताको दाबी ।' तोडफोडको समाचारले तपाईंलाई रिस उठ्छ । तपाईंलाई लाग्छ, 'ओहो! लोकतन्त्रमा यसरी अर्काको पार्टी कार्यालय तोडफोड गर्न पाइन्छ? फलानो दल वा नेता कस्तो अराजक भएको?' तपाईं न त त्यो सूचनाको मूल स्रोत खोज्नुहुन्छ, न त त्यसको आधिकारिकता जाँच गर्नुहुन्छ । तपाईंको हातले सोच्दै नसोची 'सेयर' वा 'रियाक्सन' बटन थिचिहाल्छ । तपाईंलाई लाग्छ, तपाईंले एउटा ठूलो नागरिक कर्तव्य पूरा गर्नुभयो । तर, तपाईंलाई थाहा छ? तपाईंले भर्खरै 'सामाजिक सञ्जाल दुरुपयोग' मा योगदान गर्नुभयो ।

निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलहरूबीच चुनावी प्रचार-प्रसार, आगामी पाँच वर्षका प्रतिज्ञा र आरोप-प्रत्यारोपको शृंखला तीव्र हुनु स्वाभाविक हो । तर, यही सरगर्मीमा मिसिएर आउने गलत सूचना र अफवाहले तपाईं-हामीजस्ता नागरिकको धारणालाई मात्र प्रभावित पार्दैन, यसले समग्र समाजलाई नै अन्योल, अविश्वास र अस्थिरतातर्फ धकेल्ने गम्भीर खतरा निम्त्याउँछ । नेपाल मिडिया सर्भेका पछिल्ला तथ्याङ्कहरूलाई सरसर्ती हेर्दा एउटा डरलाग्दो चित्र देखिन्छ । हामीमध्ये अधिकांश सामाजिक सञ्जाल प्रयोगकर्ताको मोबाइल स्क्रिनमा दैनिक रूपमा कुनै न कुनै गलत वा भ्रामक सूचना आइरहेको हुन्छ । विडम्बना त के छ भने, हामीमध्ये धेरैलाई आफूले प्राप्त गरेको सूचना साँचो हो कि झूटो भनेर छुट्याउन सक्ने आत्मविश्वास नै छैन वा हामी सक्दैनौँ वा त्यतातर्फ लाग्दैनौँ ।

हामी केवल सूचनाका 'उपभोक्ता' मात्र बनेका छौँ, 'सत्यको संवाहक' होइन । यसको मतलब हाम्रो स्क्रिनमा आउने सबै सूचना, समाचार, भिडियो वा फोटा गलत नै हुन्छन् भन्ने होइन, तर ती सबै पूर्णरूपमा सत्य हुन् भन्ने पनि होइन । सूचनाको यो बाढीमा हामीले प्राप्त गर्ने सूचना, समाचार, भिडियोहरू कतै न कतै तोडमोड गरिएका वा भ्रामक हुने जोखिम छ । दिउँसोको समयमा म फेरि मोबाइल स्क्रोल गर्न थाल्छु । त्यहाँ एउटा भिडियो देखिन्छह भिडियोमा एउटा रिपोर्टको पानामा बक्स बनाएर केही लाइन वा अनुच्छेदलाई हाइलाइट गरिएको छ । भिडियोमा बोल्नेले भन्छ: 'फलानो नेताले फलानो देशको बैंकमा यति पैसा जम्मा गरेको छ । नपत्याए हेर्नुस् यो रिपोर्ट । यो कुरा मैले भनेको होइन, यो रिपोर्टले भन्छ ।'

भिडियो हेरेपछि मलाई मनमनै रिस उठ्छ । नेताका प्रति आक्रोश पैदा हुन्छ । यो देश यस्तै नेताका कारण बर्बाद भएको हो भन्ने भाव मनमा आउँछ । भिडियो नै छ त, भिडियोमा पनि रिपोर्ट देखाएर किटान गरेर नै भनेको छ । कसरी यो कुरा झूटो होला भन्ने भाव मनमा आउँछ । मैले आक्रोश र आवेगमा त्यो भिडियोमा नेगेटिभ रियाक्ट गर्छु । अनि कमेन्टमा नराम्रो गाली पनि गर्छु । यहाँ न त मैले त्यो भिडियोमा भएको रिपोर्ट खोजी गरी पढ्ने प्रयास गरेँ, न त साँच्चै नै ती नेताले विदेशी बैंकमा पैसा राखेका हुन् त भनेर अर्को स्रोत भेरिफाई गरेँ । यस्तो अवस्थामा मैले हेरेको भिडियोमा भएका सामग्री सही हुन् कि गलत हुन् भनेर छुट्याउनतर्फ म लागिनँ । प्रथम दृष्टिमा मलाई जे लाग्यो म त्यसैका आधारमा धारणा बनाएँ र प्रतिक्रिया दिएँ । निर्वाचनका बेला यस्ता डिजिटल हतियारहरू मतदातालाई भ्रमित गर्नका लागि प्रयोग भइरहेका हुन्छन् । एउटा सानो पुरानो भिडियोको टुक्रा काटेर अहिलेको सन्दर्भमा जोडिन्छ र एउटा नयाँ 'झूटो कथा' निर्माण गरिन्छ । यसको उद्देश्य तपाईंलाई सुसूचित गर्नु होइन, तपाईंको मनमा आक्रोश, रिस, डर वा घृणा पैदा गर्नु हो । यसबारे तपाईं कत्तिको सचेत हुनुहुन्छ? हामी 'भिडियो छ त' भन्दै जुनसुकै कुरामा सजिलै विश्वास गर्यौँ भने त्यसले हाम्रो विवेकलाई बन्धक बनाई डिजिटल चक्रव्यूहमा पुर्याइदिन्छ । निर्वाचन जस्तो संवेदनशील समयमा यस्तो भ्रमले मतदाताको धारणा मात्र होइन, सामाजिक सद्भाव र शान्ति सुरक्षालाई समेत गम्भीर रूपमा प्रभावित पार्न सक्छ ।

तपाईंलाई आफूले सचेत नागरिकको कर्तव्य पालना गरेको लाग्ला । तर यहाँ नियतले ठूलो काम गर्छ । समाजमा गलत सूचना दुई तरिकाले फैलिरहेका छन् । एकथरीले अज्ञानताको कारण सूचनाको सत्यतथ्य थाहा नपाइकन वा नबुझीकन नै गलत सूचना फैलाइरहेका छन्, जसलाई 'मिसइन्फर्मेसन' भनिन्छ । तर अर्कथरीले भने निश्चित राजनीतिक स्वार्थ वा आर्थिक फाइदाका लागि जानीजानी गलत सूचना फैलाइरहेका छन्, जसलाई 'डिसइन्फर्मेसन' भनिन्छ । समाजका लागि यी दुवै हानिकारक छन् ।

जानेर वा नजानेर गलत सूचना फैलाउने छुट कसैलाई पनि छैन । निर्वाचनको समयमा विपक्षीलाई बदनाम गर्न, विपक्षीका बारेमा अफवाह फैलाउन, मतदातालाई भ्रममा पार्न वा चुनावी वातावरण वा नतिजामाथि अविश्वास बढाउन यस्ता 'डिसइन्फर्मेसन' अभियानहरू चलाइन्छन् । यसका साथै, धेरै लाइक, सेयर र भ्युज पाएर आर्थिक लाभ लिनका लागि पनि सनसनीपूर्ण झूठा खबरहरू फैलाउने एउटा ठूलो 'फेक न्युज इकोनोमी' सक्रिय भएको हुन्छ । साँझ पर्दै जान्छ । घरपुगेपछि मेरो हात फेरि मोबाइलमै जान्छ । फेसबुक खोल्छु । मेरो मोबाइलको स्क्रिनमा एउटै पार्टी वा उम्मेदवारका पक्षमा मात्र सामग्रीहरू आउन थाल्छन् । युट्युबतिर आँखा डुलाउँछु । युट्युबमा पनि त्यही पार्टी वा उम्मेदवारका बारेमा मात्र सामग्रीहरू देख्छु । मलाई लाग्छ, 'ओहो ! देशैभरि माहोल त यिनकै रहेछ, सबैले यिनलाई नै रुचाएका रहेछन् !'

तर मलाई यो थाहा छैन कि म सामाजिक सञ्जालको एउटा अदृश्य 'अल्गोरिदम' को चक्रव्यूहमा परिसकेको छु । तपाईंले याद गर्नुभएको छ ? यदि तपाईंले एउटा पार्टी वा उम्मेदवारको समर्थनमा रहेका भिडियोहरू धेरै हेर्न थाल्नुभयो भने तपाईंको फेसबुक वा युट्युबको 'फिड' भरि त्यस्तै सामग्री मात्र आउन थाल्छन् । यसलाई सामाजिक सञ्जालको 'अल्गोरिदम' भनिन्छ । सामाजिक सञ्जालका मेसिनहरूले मैले गरेका हरेक 'लाइक', 'सेयर' र 'भ्युज' को अध्ययन गरिरहेका हुन्छन् । उनीहरूले मलाई त्यही कुरा मात्र देखाउँछन् जुन मैले हेर्छु र मलाई मन पर्छ ।

क्रमशः पृष्ठ-३....

## टी-२० विश्वकप :

# दीपेन्द्रको अर्धशतकमा १२ वर्षपछि नेपालको जित







मुम्बई/दीपेन्द्र सिंह ऐरीको आक्रमक अर्धशतकमा नेपालले आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत आफ्नो चौथो खेलमा स्कटल्याण्डलाई ७ विकेटले पराजित गर्दै १२ वर्षपछि विश्वकपमा पहिलो जित हात पारेको छ । मुम्बईको वानखेडे मैदानमा स्कटल्याण्डलाई हराउँदै यस विश्वकपमा सान्त्वना जित निकालेको नेपालले सन् २०१४ पछि टी२० विश्वकपमा पहिलो खेल जितेको हो । सन् २०१४ मा बंगलादेशमा विश्वकपमा डेब्यु गर्दा हङकङ र हफगानिस्तानलाई पराजित गरेको नेपालले त्यसयता ६ खेलमा हार व्यहोरेको थियो ।

यस पटक सुपर एट पुग्ने लक्ष्य राखेको नेपालले इंग्ल्यान्ड, इटली र वेस्ट इन्डिजसँगको खेल गुमाएपछि समूह चरणबाटै बाहिरि सकेको थियो । तर प्रतिष्ठाको लागि भएको अन्तिम खेलमा नेपालले जितसहित सुखद रुपमा अन्त्य गरेको हो । स्कटल्याण्डले दिएको १७१ रनको लक्ष्य नेपालले १९.२ ओभरमा ३ विकेट गुमाएर पूरा गरेको हो । नेपालको जितमा दीपेन्द्रले अर्धशतक प्रहार गरे । यस्तै कुशल भुर्तेलले ४३ र आसिफ शेखले ३३ रन योगदान गरे ।

**कुशल र आसिफको सुरुवात, दीपेन्द्रले गरे फिनिङ**

नेपालका लागि ओपनर द्वय कुशल भुर्तेल र आसिफ शेखले पावर प्लेमै ५६ रनको साझेदारी गर्दै नेपाललाई सानदार सुरुवात दिलाएका थिए । यस संस्करणमा नेपालको पावर प्लेमा यो सबैभन्दा उच्च स्कोर हो । यसअघि पहिलो खेलमा इंग्ल्याण्ड विरुद्ध नेपालले पावर प्लेमा ४७/२ रन बनाएको थियो ।

पहिलो विकेटका लागि कुशल भुर्तेल र आसिफले ९.१ ओभरमा ७४ रनको साझेदारी गरे । तर अर्धशतक नजिक पुगेका भुर्तेललाई माइकल लिस्कले टम ब्रुसबाट क्याचआउट गराएपछि नेपालको रनगतिमा केही अंकुश लागेको थियो । आसिफ र कप्तान रोहितले नेपालको इनिङ्स सम्हाल्ने प्रयास गरेपनि लिस्कले लगातार विकेट लिँदै नेपाललाई दबाबमा राखेका थिए ।

अर्का ओपनर आसिफ पनि १२औं ओभरमा लिक्सकै बलमा आउट भए । आसिफले २७ बलमा २ छक्का प्रहार गरी ३३ रन जोडे । लिस्कले आफ् तेस्रो ओभर मा नेपालका कप्तान रोहित पौडेल (१६) लाई माइकल जोन्सबाट क्याचआउट गराउँदै तेस्रो सफलता दिलाए ।

९८-३ को अवस्थाबाट उपकप्तान दीपेन्द्र सिंह ऐरी र पाँचौ नम्बरमा प्रमोट भएका गुल्सन झा मिलेर नेपालको इनिङ्स अघि बढाएका थिए । आक्रमक ब्याटिङ गरेका दीपेन्द्रलाई गुल्सनले राम्रो साथ दिएका थिए । दीपेन्द्रले १६औं ओभरमा लिस्कलाई २ छक्का र १ चौका प्रहार गरेपछि नेपालले एकै ओभरमा २० रन जोडेको थियो ।

दीपेन्द्रले अन्तिम ओभरमा २३ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै जारी विश्वकपमा लगातार दोस्रो अर्धशतक प्रहार गरेका हुन् । यसअघि उनले वेस्ट इन्डिज विरुद्ध अर्धशतक प्रहार गरेका थिए । टी२० विश्वकपमा लगातार अर्धशतक हान्ने उनी पहिलो नेपाली खेलाडी बने । यस्तै गुल्सन झाले अविजित २४ रन बनाए । १७ बल खेल्दै उनले १ चौका र २ छक्का प्रहार गरे । बलिङमा स्कटल्याण्डका माइकल लिस्कले ४ ओभरमा ३० रन खर्चेर ३ विकेट लिए ।

**माइकल जोन्स र जर्न मुन्सेको सुरूवातः**

मुम्बईस्थित वानखेडे स्टेडियममा नेपालले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको स्कटल्याण्डले ओपनर माइकल जोन्सको अर्धशतकमा ७ विकेट गुमाएर १७० रन बनाएको थियो ।

स्कटल्यान्डका लागि ओपनर माइकल जोन्सले सर्वाधिक ७१ रन बनाए । यस्तै जर्ज मुन्सेले २७ र ब्राण्डन म्याकमुलेनले २५ रन जोडे । नेपालका सोमपाल कामीले ३ र नन्दन यादवले २ विकेट लिए ।

पहिलो १० ओभरमा १ विकेट मात्र गुमाएर ८० रन बनाएको स्कटल्यान्डले त्यसपछि १० ओभरमा ९० रन जोड्दा ६ विकेट गुमाएको थियो । सुरुवाती १० ओभरमा स्कटिङ ब्याटरले नेपाली बलरमाथि डोमिनेट गरेपनि पहिलो विकेट लिएपछि भने नेपालले खेलमा केही दबाब सिर्जना गरेको थियो । १० ओभरपछि भने खेलमा नेपालले डोमिनेट गरेको थियो ।

ओपनरद्वय माइक्ल जोन्स र जर्ज मुन्सेले पहिलो विकेटका लागि ८० रनको साझेदारी गर्दै स्कटल्यान्डका लागि राम्रो सुरुवात दिलाएका थिए । नेपालका लागि चार बलरले विकेट लिन नसकेपछि कप्तान रोहित पौडेलले आफैं बलिङ गर्दै ब्रेक थ्रो दिलाएका थिए । आठौं ओभरमा आएका रोहितले ६ रन दिएका थिए भने दशौं ओभरको अन्तिम बलमा ओपनर जर्ज मुन्सेलाई सन्दिप जोराबाट क्याचआउट गराएका थिए । मुन्सेले २९ बल खेल्दै ४ चौका मदतमा २७ रन बनाए । दोस्रो विकेटका लागि पनि माइकल जोन्सले ब्राण्ड म्याकुमलेनसँग अर्धशतकिय (५२ रन) साझेदारी गरे ।

**डेथ ओभरमा नेपालको कमाल**

अन्तिम पाँच ओभरमा नेपाली बलरले लगातार विकेट लिँदै स्कटल्यान्ड दबाबमा राख्यो । सोमपालले एक ओभरमा दुई विकेट लिएपछि नेपालले हरेक ओभरमा विकेट लिएको थियो । नेपालले अन्तिम ओभर ओभरमा ६ विकेट लिँदा ३९ रन मात्र खर्चेको थियो । यस विश्वकपमा डेथ ओभरमा नेपालको यो उत्कृष्ट बलिङ हो ।

१६औं ओभरमा दोस्रो स्पेल लिएर आएका सोमपालले एकै ओभरमा दुई विकेट लिए । उनले अर्धशतक बनाएर अघि बढिरहेका माइकल जोन्सलाई १६औं ओभरको दोस्रो बलमा बोल्ड गरे भने त्यसपछि चौथो बलमा म्याकमुलेनलाई कट एण्ड बोल्ड गरे । म्याकुलमलाई १५ रन हुँदा सन्दिप जोराले क्याच ड्रप गरेका थिए । तर सोमपालले भने आफ्नै बलिङमा विकेट लिए ।

यो दुई विकेट पछि सोमपाल टी२० विश्वकपमा नेपालका लागि सर्वाधिक (९) विकेट लिने खेलाडी बने । यसअघि दीपेन्द्र सिंह ऐरी ८ विकेटसहित अघि थिए । १७औं ओभरको अन्तिम बलमा कुशल भुर्तेलले स्कटिस कप्तान रिची बेरिङटनलाई सन्दिप जोराबाट क्याचआउट गराए । बेरिङटनले ६ बलमा १० रन बनाएर आउट भए ।

१८औं ओभरमा नन्दन यादवले म्याथ्यु क्रस (४ रन) लाई बोल्ड गरे । सोमपालले १९औं ओभरको चौथो बलमा टम ब्रुस (५) लाई बोल्ड गर्दै व्यक्तिगत तेस्रो र टिमको छैटौं सफलता दिलाए । नन्दनले २०औं ओभरमा माइकल लिस्कलाई आउट गर्दै व्यक्तिगत दोस्रो विकेट लिए ।

मार्क वाटले ४ बलमा १ छक्का प्रहार गर्दै अविजित १० रन जोडे । बलिङमा नेपालका लागि सोमपाल कामीले ४ ओभरमा २५ रन खर्चेर सर्वाधिक ३ विकेट लिए । नन्दन यादवले २ तथा कप्तान रोहित पौडेल र कुशल भुर्तेलले १-१ विकेट लिए ।

*(स्रोत: अनलाइनखबर)*

# निर्वाचन आयोगले गर्‍यो कलाकार र ‘कन्टेन्ट क्रिएटर’ सँग छलफल



काठमाडौं/कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता बन्देज नभई चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम भएको बताएका छन् ।

निर्वाचन आयोगले मंगलबार आयोजना गरेको मतदाता शिक्षा एवं निर्वाचन प्रचारप्रसारका लागि चलचित्रका संघसंस्था तथा कलाकारसँग अन्तरक्रियामा उनले मिथ्या र गलत सूचना रोकी स्वच्छ प्रतिस्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै आचारसंहिता जारी गरेर कार्यान्वयनमा लगिएको बताए ।

निर्वाचन लोकतन्त्रको प्राण भएकाले सही सूचना प्रवाह गरेर सफल बनाउने दायित्व सबैको भएको उनको भनाइ थियो । “हामी प्रेस स्वतन्त्रता विरोधी होइनौँ, निर्वाचन आचारसंहिता लागू भएका बेला कुराकानीका आधारमा तयार पारिएको सामग्रीका आधारमा हारजित भनी प्रकाशन गरिँदा मानिसलाई दिग्भ्रमित बनाएको छ, यसरी अरु उम्मेदवारलाई हतोत्साही नबनाऔं, कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर बनाई सामाजिक सञ्जालमा पोष्ट गरिएका सामग्रीले पनि भ्रम फैल्याएको छ, यस्तो प्रचार प्रसार रोकेर स्वच्छ रूपमा निर्वाचन हुने वातावरण बनाऔँ”, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने । यो उम्मेदवार ठीक यो बेठीक भन्ने खालका समाचार सम्प्रेषण नगर्न पनि उनले आग्रह गरे । लयबाट बाहिरिएको मुलुकलाई लयमा फर्काउने माध्यम फागुन २१ गतेको निर्वाचन भएकाले यसलाई सफल पार्न सबैको सहयोग हुनुपर्ने, नयाँ थपिएका साढे नौ लाख मतदाताका कारण मतदान प्रतिशत बढ्ने र बदर हुने मतसंख्या घट्ने विश्वास पनि गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए ।

आयोगका सचिव कृष्ण बहादुर राउतले कलाकार र ‘कन्टेन्ट क्रियटर’ लाई मतदाता शिक्षा प्रदान गर्न सद्भावना दूतका रूपमा काम गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले पनि कार्यक्रम आयोजना गरिएको बताए । मतदाता शिक्षाका सही सूचना प्रदान गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने विश्वास गरिएको उनको भनाइ थियो । मतदाता शिक्षा पहिलोपटक मतदान गर्नेलाई प्रेरित गर्न निर्णायक हुने विश्वास गरिएको छ । गलत सूचनाले लोकतन्त्रलाई असर गर्ने भएकाले ९० प्रतिशत इन्टरनेट प्रयोगकर्तालाई मतदाता शिक्षा दिन कार्यक्रमले सहयोग गर्ने सचिव राउतको विश्वास थियो ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका बारेमा प्रस्तुति दिँदै आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०७९ सालको भन्दा यसपटक नौ लाख १५ हजार मतदाता थपिएको जानकारी दिए । १६ वर्ष पूरा भएका युवालाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन हुने अघिल्लो दिन १८ वर्ष पूरा हुने जतिलाई मतदाता सूचीमा समावेश गर्ने गरिएको पनि उनले बताए ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले राजनीतिक दल र उम्मेदवारले निर्वाचनमा एजेण्डा लिएर नआउने र मतदाताले पनि त्यसका आधारमा मत नदिने गरेकाले लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन प्रक्रियामा समस्या आउने गरेको बताए । हाँस्यकलाकार मनोज गजुरेलले ‘भाइरल कन्टेन्ट’ राजनीतिले रोकेको विषाक्त रोग अझै बढ्छ कि भन्ने सोचेर मात्र सामाजिक सञ्जालमा निर्वाचनसम्बन्धी सामग्रीको पोष्ट गर्नुपर्ने भनाइ राखेका थिए । पूर्वमिसेस नेपालकी सहभागी नानुसिंह ठकुरीले निर्वाचनका बारेमा सत्यतथ्य विषय सामाजिक सञ्जालमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिएकी थिइन् ।

# खानेतेलको घटेको मूल्यसूची सरकारको हातमा, महँगी ज्युँका त्युँ बजारमा

काठमाडौं/माघ महिना सुरु हुनासाथ अप्रत्याशित वृद्धि भएको खानेतेलको मूल्य फागुन पहिलो साता आइपुग्दासम्म पनि घट्न सकेको छैन । अन्तर्राष्ट्रिय बजारमा कच्चापदार्थको मूल्य बढेको बहानामा उद्योगी र बिचौलियाले छोटो समयमै खानेतेलको मूल्य प्रतिलिटर ३० देखि ५० रुपैयाँसम्म बढाएपछि यसको प्रत्यक्ष मार उपभोक्ताले खेपिरहेका छन् । मुलुक यतिबेला प्रतिनिधिसभा चुनावी माहोलले तातिएको छ । राजनीतिक दलका नेताहरू गाउँ-गाउँ पुगेर सुशासन र समृद्धिका आश्वासन बाँडिरहेका छन् । तर, अर्कातिर तिनै मतदाताको भान्सा भने दैनिक उपभोग्य वस्तुको जोहो कसरी व्यवस्थापन गर्ने भन्नेमा अल्झिएको छ ।

एकातिर चुनावको उल्लास छ भने अर्कातिर दैनिक उपभोग्य वस्तु, विशेषगरी खानेतेलको मूल्यमा भएको भारी वृद्धिले सर्वसाधारणमा निराशा र आक्रोश पैदा गरेको छ । काठमाडौं शान्तिनगर बस्ने प्रभा पराजुली पछिल्लो एक महिनायता दैनिक उपभोग्य वस्तु महँगिदा ‘बजेट रुटिन’ नै खलबलिएको भन्दै आक्रोशित छन् । ‘पसलमा तेल किन्न जाँदा हरेक पटक नयाँ मूल्य सुन्नुपर्छ,’ पराजुलीले संचारकर्मीसँग भनिन्, ‘जसले जति सक्छ लुटौं भनेजस्तो छ ।’

उपभोक्ता मात्र होइनन्, खुद्रा व्यापारीहरू पनि पछिल्लो समयको मूल्यवृद्धिबाट आजित छन् । थोक विक्रेता र उद्योगीले बढाएको मूल्यका कारण आफूहरूले उपभोक्ताको गाली खानुपरेको खुद्रा व्यापारीहरूको दु:खेसो छ । नयाँ बानेश्वरका एक खुद्रा व्यापारी उद्योग र होलसेलबाटै मूल्य बढेर आएको हुँदा आफूले पनि सोही मूल्यमा बेचिरहन बाध्य भएको बताउँछन् ।

‘उपभोक्ताहरू मूल्यवृद्धि किन भयो भनेर गुनासो गरिरहनुहुन्छ,’ उनी सुनाउँछन्, ‘अब हामीले महँगोमा किनेर ल्याएको वस्तु सस्तोमा घाटा खाएर दिन सकिँदैन, आजकल दिनहुँ गाली नै खाइरहनु परेको छ ।’

उनले हिजो मात्रै सनफ्लावर तेल प्रतिकार्टुन २ हजार ८ सय रुपैयाँमा आफूले उद्योगबाट झारेको बताए । ‘तेलको मूल्य ब्रान्ड अनुसार फरक हुन्छ,’ उनले भने, ‘होलसेलमा नै महँगो परेपछि खुद्रामा झनै महँगो पर्न जान्छ, चुनाव घोषणा हुनासाथ तेलको मूल्य एक्कासि बढेर आएको हो ।’ बजारमा अहिले पनि भटमास र सूर्यमुखी (सनफ्लावर) तेलको खुद्रा मूल्य प्रतिलिटर २ सय ९० देखि ३ सय रुपैयाँसम्म नै बिक्री भइरहेको छ । त्यसैगरी तोरीको तेल प्रतिलिटर ३ सय ८० देखि ४ सय रुपैयाँमा बिक्री भइरहेको छ । माघ पहिलो साता पनि खानेतेलको मूल्य यही नै थियो ।

एक साताअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले खानेतेल लगायत अत्यावश्यक वस्तुमा भएको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न उद्योगी र वितरकलाई निर्देशन दिएको थियो । विभागले उपभोक्ता हित ध्यानमा राख्दै अनुचित नाफा नलिन र बढाइएको मूल्य तत्काल समायोजन गर्न उत्पादक बोलाएर छलफल गरेको थियो । सोही क्रममा कानुन विपरीत कार्य गर्ने केही फर्मलाई विभागले स्थलगत जरिबाना समेत गरेको थियो ।

**मूल्यवृद्धिमा अन्तर्राष्ट्रिय कारण : घिउतेल उत्पादक संघ**

यसको जवाफमा नेपाल वनस्पति घिउतेल उत्पादक संघले विज्ञप्ति जारी गर्दै मूल्यवृद्धिमा उद्योगीको मनोमानी नभई अन्तर्राष्ट्रिय कारणहरू जिम्मेवार रहेको जवाफ दिएको थियो । अर्जेन्टिना, ब्राजिल र युक्रेनजस्ता देशबाट महँगोमा कच्चापदार्थ आयात गर्नुपरेको, अमेरिकी डलर भाउ बढेको र विश्व बजारमा तेलको माग उच्च भएकाले मूल्य बढेको संघको दाबी थियो ।

यद्यपि, उद्योगीहरूले विभागको समन्वयमा सकेसम्म मूल्य समायोजन गरी उपभोक्तालाई राहत दिने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । वनस्पति घिउतेल उत्पादक संघ अध्यक्ष विकास दुगडले खानेतेलको मूल्यमा प्रतिलिटर १० देखि १५ रुपैयाँसम्म कटौती गरिएको बताए । उद्योगहरूले फ्याक्ट्रीबाटै मूल्य समायोजन गरी नयाँ बिलिङ सुरु गरिसकेको उनको भनाइ छ ।

‘हामीले भटमास र सूर्यमुखी तेलको मूल्यमा प्रतिलिटर १० देखि १५ रुपैयाँसम्म घटाएका छौं,’ उनले भने, ‘उद्योगबाट होलसेलरहरूलाई घटेको मूल्यमा बिल काटिसकिएको छ ।’ बजारमा खुद्रा व्यापारीहरूले अझै पनि महँगो मूल्यमा तेल बेचिरहेको र मूल्य नघटेको गुनासो आएका सन्दर्भमा उनले उद्योगबाट निस्किएको सामान उपभोक्तासम्म पुग्न केही समय लाग्ने बताए ।

‘हामीले फ्याक्ट्रीबाट त घटाइसक्यौं, तर होलसेलरबाट रिटेलर (खुद्रा पसल) सम्म पुग्न केही समय लाग्छ, धेरैजसो ठाउँमा मूल्य घटिसकेको हुनुपर्ने हो,’ उनले थपे । उपभोक्ताले घटेको मूल्यमा सामान पाए/नपाएको यकिन गर्न होलसेलरहरूसँगको बिल हेर्न सकिने पनि उनको भनाइ छ ।

**खानेतेलको मूल्य उद्योगतहमा घटेको छ : वाणिज्य विभाग**

वाणिज्य विभागको निर्देशनपछि उद्योगीले खानेतेलको मूल्य उद्योग तहमा घटाएको विभागका निर्देशक तथा सूचना अधिकारी नरहरि तिवारीले बताए । उनका अनुसार पछिल्लो १५-१६ दिन अवधिमा उद्योगीहरूले खानेतेलको मूल्यमा प्रतिलिटर ७ देखि १४ रुपैयाँसम्म कटौती गरेका छन् ।

निर्देशक तिवारीले उद्योगीहरूले मूल्य समायोजन गरी विभागमा त्यसको जानकारी र बिलहरू समेत पेस गरिसकेको बताए । ‘पछिल्लो पटक प्राप्त विवरण अनुसार भटमास र सूर्यमुखी तेलको मूल्यमा ७ देखि १४ रुपैयाँसम्म गिरावट आएको देखिएको छ,’ सूचना अधिकारी तिवारीले भने, ‘विशेषगरी सनफ्लावर तेलमा १० देखि ११ रुपैयाँ र अन्य तेलमा पनि सोही अनुपातमा मूल्य घटेको बिलहरू उद्योगीले पठाएका छन् ।’

*(स्रोत: अनलाइनखबर)*

# *निर्वाचन र सूचना...*

सामाजिक सञ्जालले सूचनाको एउटा यस्तो चक्रव्यूह सिर्जना गरिदिन्छ कि मलाई पत्तै नपाउने गरी सीमित सूचनाको घेराभित्र कैद गरिसकेको हुन्छ । अब म आफ्नो मोबाइल स्क्रिनमा आउने वा देखिने भिडियो/जानकारी/ सूचना बाहेक अरू केही पनि थाहा नपाउने अवस्थामा पुगिसकेको हुन्छु । मलाई मेरो स्क्रिनमा आउने सामग्री नै संसार हो जस्तो लाग्छ । बाहिरको संसार मलाई झूटो लाग्छ । म फरक विचार वा तथ्य देख्नै पाउँदिनँ । मलाई लाग्छ ‘सबैको धारणा यही हो’ । जब कोही साथीले फरक तथ्य प्रस्तुत गर्छ, म ऊमाथि शंका गर्न थाल्छु, रिसाउन थाल्छु र उसलाई ‘अनफ्रेन्ड’ गरिदिन्छु । यसरी म नजानिँदो ढङ्गले समाजबाट एक्लिँदै र सत्यभन्दा धेरै टाढा पुग्छु । कतै तपाईं पनि सामाजिक सञ्जालको अल्गोरिदमका कारण सत्यभन्दा धेरै टाढा पुगिसक्नु भएको त छैन ?

तसर्थ हामीले सामाजिक सञ्जालमा आउने भ्रामक सूचना वा ‘एआई’ ले बनाएका भिडियोका आधारमा मात्र धारणा बनायौं भने सही छनोटसम्म नपुग्न पनि सक्छौं । एउटा सचेत मतदाताले उम्मेदवार छान्दा केही आधारभूत प्रश्नहरूबारे सोच्नै पर्छ, थाहा नभए अरूलाई सोध्नै पर्छ । जस्तै: उम्मेदवारको वास्तविक क्षमता कति छ ? उम्मेदवारको समाजप्रतिको जिम्मेवारी, उम्मेदवारका यसअघिका अभिव्यक्ति, आपराधिक क्रियाकलापमा संलग्न भएको वा नभएको, नैतिक आचरण कस्तो छ ? संसद् भनेको कानुन बनाउने थलो होह के उम्मेदवारसँग कानुन बनाउने ठाउँमा पुग्दा चाहिने आवश्यक ज्ञान, सीप र अनुभव छ ? उम्मेदवारको विगतको पृष्ठभूमि र समाजमा पुर्‍याएको योगदान के छ ? यी कुराहरू हेरेर मात्र उम्मेदवार छान्दा ठीक उम्मेदवार ठीक ठाउँमा पुग्न सक्छन् । अन्यथा, सामाजिक सञ्जालको भ्रममा परेर गलत निर्णय लिइयो भने अवस्था झन् खराब हुन सक्छ । को राम्रो भनेर छुट्याउन पाउने अन्तिम अधिकार र जिम्मेवारी तपाईंकै हो ।

नेपालको सन्दर्भमा डिजिटल साक्षरताको अभावले गर्दा गलत सूचना फैलाउन झनै सजिलो भएको छ । विशेष गरी जोसँग सूचनाका सीमित स्रोतहरू छन्, र एउटै स्रोतमा मात्रै भर पर्छन्, उनीहरू ‘पहिलो सूचना’ लाई नै विश्वास गरेर धारणा बनाउने सम्भावना बढी हुन्छ । उनीहरूलाई आफूले प्राप्त गरेको सूचना गलत हुन सक्छ भन्ने कुराको जानकारी नै हुँदैन ।

अब प्रश्न उठ्छ: सूचनाको यो विशाल बाढीमा कुन सूचना सत्य हो र कुन सूचना गलत हो भन्ने कसरी थाहा पाउने ? त्यसका लागि हामीले सूचना ग्रहण गर्ने हाम्रो आनीबानी नै परिवर्तन गर्नुपर्छ । कुनै पनि सामग्री देख्ने बित्तिकै पत्याउनुअघि आफूले आफैंलाई केही प्रश्न सोध्नुपर्छ । जस्तै: यो सूचना वा भिडियो कसले बनाएको हो ? यसको मूल स्रोत कहाँ छ? यो भिडियो वा फोटो कति पुरानो हो? के यो अहिलेकै सन्दर्भको हो वा पुरानो घटनालाई नयाँ भनिएको छ ? के अन्य विश्वसनीय र स्थापित मिडियाले पनि यो कुरा भनेका छन् ? यदि यी प्रश्नको चित्तबुझ्दो जवाफ पाउनुभयो भने मात्र ती सूचनाहरू सत्य हुन् । अन्यथा कसैले जानीजानी वा अन्जानवश फैलाएका मिथ्या सूचना हुन सक्छन् । हामीले चिनेको वा विश्वास गरेको व्यक्तिले सेयर गर्दैमा सबै सूचना वा समाचार सत्य नहुन पनि सक्छ, किनकि उनले पनि समाचार वा सूचना नबुझी सेयर गरेको हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# ‘अता पता लापता’: राजपाललाई जेल पुर्‍याएको फिल्म




काठमाडौं/बलिउडका चर्चित अभिनेता राजपाल यादव यतिबेला मुस्किल घडीमा छन् । चेक बाउन्सको मुद्दामा उनले तिहाड जेलमा ११ दिन बिताए । सोमबार मात्र उनलाई दिल्ली उच्च अदालतले सर्तसहित १८ मार्चसम्मका लागि अन्तरिम जमानत दिएको छ । डेढ करोड भारु धरौटी र पासपोर्ट बुझाएर उनी रिहा भइसकेका छन् । अब अर्को सुनुवाइ १८ मार्चमा हुनेछ ।

राजपालको चेक बाउन्स मुद्दा फिल्मसँग जोडिएको छ । उनले सन् २०१० मा मुरली प्रोजेक्ट्स नामक कम्पनीबाट भारु पाँच करोड ऋण लिएर फिल्म ‘अता पता लापता’ बनाएका थिए । यसको निर्देशन उनी आफैंले गरेका थिए भने मुख्य भूमिकामा पनि उनी स्वयं थिए । राजपालकी श्रीमती राधा यादवले श्री नौरंग गोदावरी इन्टर टेनमेन्टको ब्यानरमा फिल्मको निर्माण गरेकी थिइन् ।

राजपालले आफूसँग भएको पैसा समेत लगाएर ११ करोडको लागतमा उक्त फिल्म बनाएका थिए । उनलाई फिल्म सफल हुने पूर्ण विश्वास थियो । तर, फिल्मले बक्स अफिसमा निराशाजनक व्यापार गर्‍यो । यसले ५० लाख भारु पनि कमाउन सकेन । फिल्म फ्लप भएपछि राजपाल आर्थिक संकटमा फसे । उनले मुरली प्रोजेक्ट्सबाट लिएको ऋण पनि तिर्न सकेनन् ।

एकपटक राजपालले भुक्तानीका लागि दिएको चेक बाउन्स भएपछि उक्त कम्पनीले उनीविरुद्ध अदालतमा मुद्धा दर्ता गरेको थियो । यसपछि सन् २०१८ मा दिल्लीको तल्लो अदालतले उनलाई दोषी ठहर गर्दै ६ महिनाको जेल सजाय सुनाएको थियो । पछि यो मुद्धा दिल्ली उच्च अदालत पुग्यो, जहाँ राजपालले कम्पनीको ऋण तिर्ने वाचा गरेपछि उनको सजायमा रोक लगाइएको थियो ।

तर, उनले पटक-पटकको प्रतिबद्धता उल्लंघन गरेको भन्दै फेब्रुअरी ४ मा दिल्ली उच्च अदालतले उनलाई आत्मसमर्पण गर्न आदेश दिएको थियो । र, उनले फेब्रुअरी ५ मा दिल्लीको तिहाड जेल पुगेर आत्मसमर्पण गरे । उनले मुरली प्रोजेक्ट्स कम्पनीलाई सहमति बमोजिम करिब ९ करोड भारु तिर्नुपर्ने रहेको भारतीय मिडियाले उल्लेख गरेका छन् ।

राजपालले आफूसँग तत्काल ऋण तिर्ने पैसा नभएको भन्दै जेल पुगेर आत्मसमर्पण गरेपछि सलमान खान, अजय देवगन, वरुण धवन, सोनू सूद, नवाजट्टीन सिद्दीकी लगायतका कलाकारहरूले उनलाई आर्थिक सहयोग गर्ने आश्वासन दिएका छन् । निर्देशक प्रियदर्शनले आगामी फिल्मबाट उनको पारिश्रमिक बढाउने घोषणा समेत गरेका छन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौँडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कैलाशको राष्ट्रपति रनिङ शिल्ड भवानीको कब्जामा

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ मकवानपुरको कैलाश गाउँपालिकामा रहेका माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको शिल्ड कैलाश-३ मा रहेको भवानी माविले कब्जा गरेको छ । लगातार तीन पटकसम्म सर्वाधिक पदक विजेता भवानीले राष्ट्रपति रनिङ शिल्ड कब्जामा पारेको हो ।



प्रतियोगितामा भवानी माविले ८ स्वर्ण, ६ कास्य र ३ रजतपदक प्राप्त गर्दै प्रथम भएको हो । त्यस्तै, ५ स्वर्ण, ५ कास्य र ५ रजतपदक प्राप्त गर्दै कैलाश-१० को रत्नज्योति मावि द्वितीय स्थान सुरक्षित गरेको गाउँपालिकाका शिक्षा तथा खेलकुद शाखाप्रमुख समीर जोशीले बताए । यसैगरी ४ स्वर्ण ४ कास्य र ५ रजतपदकसँगै कैलाश-९ को कालिका माविले तृतीय स्थान हासिल गरेको छ । एथ्लेटिक्सतर्फ विभिन्न खेलको प्रतियोगिता गरिनुका साथै छात्रछात्रा भलिबल प्रतिस्पर्धा गरिएको थियो । छात्रतर्फको भलिबल प्रतियोगितामा रत्नज्योति माविले कमलादेवी माविलाई १९-२५,२५-२३,१५-११ मा पराजित गर्दै विजेता भएको थियो भने तृतीय स्थानमा भवानी मावि भएको थियो । छात्रातर्फ कमलादेवी मावि प्रथम, भवानी मावि द्वितीय र कालिका मावि तृतीय भएको थियो ।

एक्लेटिक्सतर्फ सय मिटर दौडमा कालिका माविका अमित प्रजा प्रथम, भवानी माविका आमोश प्रजा द्वितीय र रत्नज्योति माविका अनक मोक्तान तृतीय भए । छात्रातर्फ कमलादेवी माविका प्रकृति सुवेदी प्रथम, रत्नज्योति माविका सम्रता स्याङ्तान द्वितीय र धुवाङ माविका सलिना मोक्तान तृतीय भएकी छिन् । त्यस्तै, २ सय मिटर दौडमा भवानीका आमोश प्रजा प्रथम, कालिका माविका अमित प्रजा र रत्नज्योतिका दिनेश सुनार तृतीय भएभने छात्रातर्फ धुवाङका रेश्मा स्याङ्बो प्रथम, व्यास माविका मनिषा गुरुङ द्वितीय र भवानीका अम्बिका स्याङ्बो तृतीय भएकी छिन् ।

८ सय मिटर दौडमा रत्नज्योतिका अनक मुक्तान प्रथम, भवानीका सुनिल चेपाङ द्वितीय र व्यासका सुजित विष्ट तृतीय भएका छन् भने छात्रातर्फ भवानीका बबिता प्रजा प्रथम, रत्नज्योतिका नविना दोङ द्वितीय र व्यासका अञ्जली थोकर तृतीय भएकी छिन् । ४ गुणा एक सय रिले दौडमा रत्नज्योति मावि प्रथम, कालिका मावि द्वितीय र भवानी मावि तृतीय भएको छ भने छात्रातर्फ भवानी मावि प्रथम, व्यास मावि द्वितीय र धुवाङ मावि तृतीय भएको छ । लङजम्पतर्फ भवानी माविका आमोश प्रजा प्रथम, कालिकाका समर थिङ द्वितीय, रत्नज्योतिका दिवाकर प्रजा तृतीय भए ।

छात्रातर्फ भवानीका समुना मल्ल प्रथम, धुवाङका रेशमा स्याङ्बो द्वितीय र कालिकाका गोमा बर्तौला तृतीय भएकी छिन् । त्यस्तै, हाइजम्पतर्फ कालिकाका नवीन विक प्रथम, भवानीका नवराज मुक्तान द्वितीय र रत्नज्योतिका विवेक जिम्बा तृतीय भए भने छात्रातर्फ कालिकाका गोमा बर्तौला प्रथम, रत्नज्योतिका सम्रता स्याङ्तान र कमलादेवीका सदीक्षा गुरुङ तृतीय भएकी छिन् । ट्रिपलजम्पमा रत्नज्योतिका अनक मोक्तान प्रथम, भवानीका अन्जित थिङ द्वितीय र कालिकाका नेमा थिङ तृतीय भए ।

छात्रातर्फ भवानीका समुना मल्ल प्रथम र कालिकाका शितल बर्तौला द्वितीय भएकी छिन् । सटपुटतर्फ भवानीका अन्जित थिङ प्रथम, रत्नज्योतिका अदय मुक्तान र कालिकाका महेश थिङ तृतीय भएभने छात्रातर्फ भवानीका सुस्मिता थिङ प्रथम, रत्नज्योतिका दीपशिखा प्रजा द्वितीय र कालिकाका सरिना थिङ तृतीय भएकी छिन् । ज्याभलिङ थ्रोमा रत्नज्योतिका दिवाकर प्रजा प्रथम, भवानीका नवराज मोक्तान द्वितीय र व्यासका दरेश ब्लोन तृतीय भएभने छात्रातर्फ कालिकाका उर्मिला मुक्तान प्रथम, कमलादेवीका प्रिया थिङ द्वितीय र रत्नज्योतिका प्रियातना थिङ तृतीय भएकी छिन् ।

भवानी मावि व्यवस्थापन समितिका अध्यक्ष नवराज ओझाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन भएको हो । कार्यक्रममा अध्यक्ष मुक्तानले विद्यार्थी जीवनदेखि नै खेलतर्फ आर्कषण गर्नसके युवापुस्तामा खेलप्रति मोह जाग्ने बताए । विभिन्न विधामा प्रतियोगिता भएकाले विद्यार्थीले सक्ने विधाका खेल खेलेर उत्कृष्टता देखाएको बताए । यहाँ छनोट भएपछि जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रियस्तरमा पनि खेल प्रदर्शन गर्न सकिन्छ । खेलकुदले विद्यार्थीलाई अनुशासनको दायरामा राख्नुका साथै शारीरिकरुपमा सुसंगठित बनाउने कार्य गर्ने बताए ।

विद्यार्थीले उत्कृष्ट खेल खेल्दै विद्यालय र गाउँपालिकाको नाम राख्न सफल हुन भन्दै अध्यक्ष मुक्तानले अग्रीम शुभकामना दिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले खेलकुदले विद्यार्थीको पढाईसँगै जोडिएको एक माध्यम रहेको बताए । खेलकुदले शारीरिक र मानसिकरुपमा स्वस्थ्य बनाउन सहयोग पुग्नुका साथै खेलले विद्यार्थीलाई अनुशासनमा राख्ने उपाध्यक्ष मल्लले बताए । कार्यक्रममा गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत समीर जोशी, विभिन्न विद्यालयका प्रअ, निर्णायकहरुको आतिथ्यता रहेको थियो ।

## ‘निर्वाचन चाहने र नचाहनेबीच ठुलो अन्तरद्वन्द्व छ’

# लोकतन्त्र व्यवस्थित गर्न आचारसंहिता पालना गर्नुपर्छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले लोकतन्त्रलाई व्यवस्थित बनाउन पूर्ण रुपमा आचार संहिता पालना गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

मुख्यमन्त्री र कांग्रेस बागमती प्रदेश सभापतिको हैसियतमा गर्न मिल्ने र नमिल्ने कामको अनुमति निर्वाचन आयोगबाट आफूले लिइसकेको उनले स्पष्ट पारे । निर्वाचन आयोग र नेपाल कानुन समाजको आयोजनामा मंगलबार हेटौंडामा भएको ‘निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका’ विषयक प्रदेशस्तरीय अन्तरक्रियामा मुख्यमन्त्री बानियाँले भयरहित वातावरणमा मतदान गर्ने वातावरण सिर्जना गर्नु सुरक्षा निकायको जिम्मेवारी भएको उल्लेख गरेका छन् । निर्वाचन चाहने र नचाहनेबीच द्वन्द्व देखिएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले निर्वाचन नचाहने पक्षले अराजकता फैलाउने प्रयास गरिरहेको बताए ।

निर्वाचन सफल बनाउन निर्वाचन आयोग, तीन तहका सरकार, कर्मचारीसंयन्त्र तथा सुरक्षा निकाय बीच समन्वय र सहकार्य आवश्यक रहेको उनको भनाई थियो । निर्वाचन आयुक्त सगुनशम्शेर जबराले आचार संहिताको कार्यान्वयनमै समस्या रहेको उल्लेख गर्दै कार्यान्वयन सहीरुपमा भए लोकतन्त्र बलियो हुने धारणा राखे ।

आचारसंहिता प्रभावकारी रुपमा कार्यान्वयन नभए यसको असर निर्वाचन प्रक्रिया र परिणाममा समेत पर्ने उनको भनाइ थियो । उनले आचारसंहिता उल्लंघनमा स्पष्टिकरण सोधिनु पनि कारबाहीको एउटा चरण भएको बताउँदै यसपटक उम्मेदवारी रद्द हुने खालका गतिविधि भएमा कडाइका साथ प्रस्तुत हुने चेतावनी दिए ।

अन्तरक्रियामा निर्वाचन आचारसंहिताका प्रमुख विषयहरु: सरोकारवालाको भूमिकाबारे निर्वाचन आयोग नेपालका सहसचिव राजेन्द्र केसी र प्रतिनिधिसभा सदस्य निर्वाचन खर्च र प्रचारप्रसार विषयमा मधेश प्रदेशका पूर्वमुख्य न्यायाधीवक्ता सुरेन्द्रकुमार महतोले प्रस्तुतीकरण गरेका थिए । सहसचिव केसीको प्रस्तुतीकरणमा निर्वाचन आचार संहिता, यसको पृष्ठभूमि, अन्तर्राष्ट्रिय अभ्यास, संवैधानिक पदाधिकारी, सरकारका पदाधिकारी, कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, पर्यवेक्षक संस्था तथा सञ्चारकर्मीले पालना गर्नुपर्ने आचरणलगायत विषय समेटिएको थियो ।

त्यसैगरी महतोले राजनीतिक वित्त, राजनीतिक वित्तको स्रोत र सीमा, निर्वाचन खर्चको नियमन, खर्चसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, खर्च उल्लंघनमा हुने सजाय तथा निर्वाचनमा सवारी साधन प्रयोगसम्बन्धी व्यवस्थाबारे जानकारी गराए ।

कार्यक्रममा मकवानपुर र चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी, दुवै जिल्लाका निर्वाचन अधिकृत, बागमती प्रदेशका चारवटै सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, पर्यवेक्षक संस्थाका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, कानून व्यवसायी तथा सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

निर्वाचन आयोगका अनुसार फागुन २१ गते हुने निर्वाचनका लागि अन्तर्राष्ट्रिय ४ वटा र आन्तरिक ३७ वटा गरी कुल ४१ वटा संस्थाले चुनावी पर्यवेक्षणको अनुमति पाएका छन् । सातै प्रदेशमा सञ्चालन गरिने यो कार्यक्रम हालसम्म लुम्बिनी, मधेश, गण्डकी र बागमती प्रदेशमा सम्पन्न भएको छ ।

# चार वर्षपछि नारायण श्रेष्ठ एमालेमै फर्किए



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ नेकपा एमालेबाट बिद्रोह गरी नेकपा एकीकृत समाजवादीमा लागेर मनहरी गाउँपालिका अध्यक्षका उम्मेदवार बनेका नारायण श्रेष्ठ चार वर्षको अन्तरालमा पुन: एमालेमै फर्किएका छन् ।

मनहरी गाउँपालिका-६ भुलचोकस्थित पार्टी कार्यालयमा आयोजित घरफर्क कार्यक्रममार्फत श्रेष्ठसहित ७० जना नेकपा एमालेमा प्रवेश गरेका हुन् । २०७९ सालको स्थानीय तह निर्वाचनमा नेकपा एकीकृत समाजवादीका तर्फबाट अध्यक्षका उम्मेदवार बनेका श्रेष्ठले १ हजार ६ सय १४ मत प्राप्त गरेका थिए । लामो समयदेखि विद्यार्थी र युवा राजनीतिमा संलग्न भई पार्टीको मूल नेतृत्वमा पुगेका श्रेष्ठ नेकपा एमालेका तत्कालीन उपाध्यक्ष थिए । श्रेष्ठ पार्टी विभाजनसँगै ठूलो संख्यामा नेकपा एकीकृत समाजवादीतर्फ लागेका थिए ।

उनीसँगै लागेका अन्य धेरै नेता कार्यकर्ता पुरानै घरमा फर्किसकेका छन् । श्रेष्ठलाई घर फर्क अभियानमार्फत पार्टीमा जोडाउनका लागि नेकपा एमाले केन्द्रीय सदस्य तथा मकवानपुर क्षेत्र नं २ का उम्मेदवार महेशकुमार बर्तौला, बागमती प्रदेश कमिटी सदस्य तथा निर्वाचन परिचालन कमिटीका मनहरी संयोजक एकराज उप्रेती, नेकपा एमाले जिल्ला कमिटी उपाध्यक्ष तथा निर्वाचन परिचालन कमिटी सचिव हिदम लामा, संविधानसभा सदस्य राजाराम स्याङ्तान, गोविन्दराम चेपाङ लगायत नेता कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

घरफर्क अभियानलाई सम्बोधन गर्दै श्रेष्ठले एकापसमा आएको फुटले पार्टीको हित नभएको र स्थानीय सरकारमा शून्य उपस्थिति हुँदा जनतासँग पार्टी टाढिने अबस्था आएकाले आगामी दिनमा सुधारेर मजबुत नेकपा एमाले निर्माणका लागि भूमिका निर्बाह हुने प्रतिबद्धता ब्यक्त गरे । नेकपा एमाले ६ नं वडा कमिटी अध्यक्ष गोपीलाल मुक्तानको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर क्षेत्र नं २ का उम्मेदवार बर्तौला, नेताहरु उप्रेती, लामा, हेमलाल उप्रेतीलगायतले मन्तब्य ब्यक्त गरेका थिए ।

# हेटौंडा क्याम्पसमा तीनवर्षे एलएलबीका लागि प्रिरजिस्ट्रेशन खुला




साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ बागमती विश्वविद्यालयअन्तर्गतको हेटौंडा क्याम्पसमा तीनवर्षे एलएलबी कार्यक्रमका लागि प्रिरजिस्ट्रेशन खुला गरिएको छ ।

कुनैपनि संकायबाट स्नातक उत्तीर्ण गरेका विद्यार्थीले यो कार्यक्रमका लागि आवेदन दिनसक्ने क्याम्पस प्रमुख बालकृष्ण शर्मा घिमिरेले जानकारी दिएका छन् । घिमिरेकाअनुसार एलएलबी कार्यक्रममार्फत कानुनी शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई लक्षित गरी प्रिरजिस्ट्रेशन प्रक्रिया अघि बढाइएको हो । प्रवेशपरीक्षाका लागि आवेदन दर्ता गर्ने अन्तिम मिति फागुन १३ गते तोकिएको छ । प्रवेश परीक्षा फागुन १५ गते बिहान ११:०० बजे हेटौंडा क्याम्पस परिसरमै सञ्चालन हुने क्याम्पसले जनाएको छ । क्याम्पसमा अहिले २ हजार ४ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

## हेटौंडामा ३ महिने अभियान:

# चार प्रमुख सार्वजनिक स्थलमा धूम्रपान निषेध बोर्ड स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको समन्वय व्यवस्थापनमा सञ्चालन भइरहेको ३ महिने लागुऔषध विरुद्धको अभियान अन्तर्गत हेटौंडाका चार प्रमुख सार्वजनिक स्थलमा धूम्रपान निषेध सम्बन्धी चेतनामूलक बोर्ड स्थापना गरिएको छ ।

यस अभियान अन्तर्गत मकवानपुरको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल बनसखण्डी मन्दिर परिसरमा गैरसरकारी महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशका प्रतिनिधी, गै.स.स मकवानपुरकी उपाध्यक्ष कुमारी वाइबा लगायत सामाजिक व्यक्तित्वहरुको उपस्थितिमा धूम्रपान निषेध बोर्ड स्थापना गरिएको छ ।

त्यसैगरी, सिद्धार्थ माध्यमिक विद्यालय, वडा नं. २ मा वडा अध्यक्ष विष्णु गोपाल महर्जन, मा.वि.का प्रधानाध्यापक तथा सहायक प्राध्यापकको उपस्थितिमा बोर्ड स्थापना गरिएको हो । मकवानपुरको अर्को प्रमुख धार्मिक पर्यटकीय स्थल पशुपतिनाथ मन्दिरमा वडा न ४ का वडा अध्यक्ष नविन सिग्देल तथा पूर्व जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलाल तथा सामाजिक व्यक्तित्वहरुको उपस्थितिमा बोर्ड स्थापना गरिएको छ ।

यसैगरी, हेटौंडा उपमहानगरपालिका वडा नं. ४ स्थित आधुनिक राष्ट्रिय मावि परिसरमा सहायक प्राध्यापक तथा शिक्षकहरूको सहभागितामा धूम्रपान निषेध बोर्ड स्थापना गर्न सफल भएको अभियान संयोजकले जानकारी दिएका छन् ।

सार्वजनिक स्थलहरूलाई धूम्रपानमुक्त बनाउँदै नागरिकको स्वास्थ्य संरक्षण, युवा पुस्तालाई सकारात्मक सन्देश प्रवाह तथा लागुऔषध दुर्व्यसन न्यूनीकरण गर्ने उद्देश्यसहित सञ्चालन भइरहेको यस अभियानलाई स्थानीय तह, शैक्षिक संस्था, धार्मिक क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताले थप सशक्त बनाएको छ ।

# बागमती गाउँपालिकाद्वारा मकवानपुर रिकभरिङ समूहलाई खाद्यान्न सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ मकवानपुरलाई लागूऔषधमुक्त बनाउने अभियानमा सक्रिय मकवानपुर रिकभरिङ समूहलाई बागमती गाउँपालिकाले खाद्यान्न सहयोग गरेको छ ।

गाउँपालिका अध्यक्ष सर्केस घलानले समूहको कार्यालयमा पुगेर करिब १ लाख ५० हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री हस्तान्तरण गरेका हुन् । गाउँपालिकाले चामल, दाल, आलु, चिउरा, बेसार, नुन, प्याज, तेल, चिनी, चिया मसला, धनियाँ, जिरा, साबुनलगायत अत्यावश्यक सामग्री प्रदान गरेको छ । खाद्यान्न हस्तान्तरण कार्यक्रममा गाउँपालिका अध्यक्ष घलानले भने ‘यसअघि पनि मकवानपुर रिकभरिङ समूहको भ्रमण गरिसकेको छु । समूहको वातावरण सकारात्मक र सुधारोन्मुख रहेको छ ।’

‘समूहबाट कुलतमा फसेका व्यक्ति सुधारिएर घर फर्किनुभएको देख्दा निकै खुसी लागेको छ,’ उनले भने । आगामी दिनमा पनि आवश्यक समन्वय र सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता उनले व्यक्त गरे । गाउँपालिकाले वार्षिक कार्यक्रममा लागूऔषध न्यूनीकरण सम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्ने उनको भनाइ थियो ।

वि.सं. २०७० सालमा स्थापना भएको मकवानपुर रिकभरिङ समूहले हालसम्म २ हजार ५ सयभन्दा बढी लागूऔषध प्रयोगकर्तालाई उपचार पछि परिवारमा पुनर्स्थापना गरिसकेको समूहका निर्देशक सन्दिप शाक्यले जानकारी दिए ।

हाल समूहमा ६२ जना उपचाररत रहेका छन् । घर परिवारको सहारा नभएका तथा आर्थिक अवस्था कमजोर भएका प्रयोगकर्तालाई समूहले नि:शुल्क सेवा प्रदान गर्दै आएको शाक्यले बताए ।

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

# टिप्परको ठक्करबाट मोटर साइकल चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१९ सान्नानटारस्थित सडक खण्डमा टिप्परको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको लु.३४ प ४६७५ नं. को मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको बा.प्र.०३-००१ ख ११७९ नं.को टिप्परले मंगलबार दिउँसो ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकल चालक जगदीश थारुको मृत्युभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । रुपन्देहीका २८ वर्षीय थारुलाई हेटौंडा अस्पतालमा लगिएकोमा डाक्टरले मृतघोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल पछाडि सवार दाङको राप्ती गाउँपालिका-६ का २२ वर्षीय आदित्य चौधरीको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । मोटरसाइकललाई ठक्कर दिने टिप्पर, टिप्पर चालक हेटौंडा उपमहानगरपालिका-१५ भोर्लेका २६ वर्षीय रोहित तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना